# जीवनजगत्, भाषा र मनको सम्बन्ध

**डा. प्रेमप्रसाद चौलागाईं, उपप्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस**
chaulagainprem999@gmail.com

**लेखसार**

प्रस्तुत लेख जीवनजगत्, भाषा र मनको सम्बधको अध्ययनमा केन्द्रित छ । यसैले यस लेखमा जीवनजगत्, भाषा र मनको वैशिष्ट्य प्रस्तुत गर्नुका साथै तिनका बिचको सम्बन्धको निर्क्योल गरिएको छ । विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी जीवनजगत्, भाषा र मनको सम्बन्धको अध्ययन गर्दा प्राप्त भएको निष्कर्ष के हो भने भाषा र मन जीवनजगत्कै अङ्ग भएकाले जीवनजगत्सित भाषा र मनको अङ्गाङ्गीभाव सम्बन्ध छ । जीवनजगत् अङ्गी हो भने भाषा र मन अङ्ग हुन् । यस्तै भाषाले समग्र जीवनजगत्को चित्र उतार्ने भएकाले र यसको उत्पादन, भण्डारण र सम्प्रेषण गर्न मनले सहयोग गर्ने भएकाले यी तीन बिच पनि सम्बन्ध छ । जीवनजगत् भनेको वस्तु, भाव, घटना र अवस्थाको समष्टि हो, भाषा चाहिँ जीवनजगत्का वस्तु, भाव, घटना र अवस्थाको सङ्केतक हो । शब्दचित्रका माध्यमबाट भाषाको उत्पादन, भण्डारण र सम्प्रेषण गर्ने मन चाहिँ भाषा र जीवनजगत्को सम्बन्धसेतु हो । यसरी मानसिक शब्दचित्र हुँदै अभिव्यक्त भएको भाषाका माध्यमबाट जीवनजगत् चिनिने भएकाले र भाषाको रिक्ततालाई जीवनजगत्ले सम्पूरण गर्ने भएकाले जीवनजगत्, भाषा र मनका बिच अङ्गाङ्गीभाव सम्बन्धका साथै अन्योन्याश्रित त्रिकोणात्मक सम्बन्ध छ भन्ने मुख्य निष्कर्ष प्रस्तुत लेखबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : अङ्गाङ्गीभाव सम्बन्ध, *अन्योन्याश्रित सम्बन्ध,* सङ्केतक, सङ्केतित, सम्प्रेषण ।

Article's information : Manuscript received : 2024/09/19, Date of review : 2025/01/15, Date of manuscript acceptance 2025/02/22 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76041
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

जीवन र जगत् दुई शब्दको समास भई बनेको जीवनजगत् शब्दले गतिशील संसारमा जीवहरूको जीवन जिउने प्रक्रिया र अवस्थालाई बुझाएको छ । जीवहरूलाई चलायमान र जीवित बनाउने तत्त्व चेतना हो भने त्यसलाई आधार दिने तत्त्व चाहिँ भौतिक पदार्थ हुन् । यस अर्थमा जीवनजगत् भनेको भौतिक पदार्थ र चेतना/आत्माको समष्टि रूप हो । भौतिक पदार्थ र चेतना/आत्माको एकीकरण हुँदा जीवको सिर्जना हुन्छ । एकीकरण नहुँदा चाहिँ यिनीहरू फरक फरक तत्त्वका रूपमा रहिरहन्छन् । यस आधारमा जीवनजगत्लाई जङ्गम र स्थावरमा वर्गीकरण गरिन्छ । स्थावरको अर्थ एउटै स्वरूपमा स्थिर भइरने भन्ने अर्थ हो भने जङ्गमको अर्थ गतिशील वा विकसनशील स्वभाव भएका भन्ने हो । यसैले संसारका समस्त जीव/प्राणीहरूलाई जङ्गम र निर्जीवहरूलाई स्थावर भनिन्छ । बोटबिरुवाहरू गतिशील नभए पनि विकसनशील भएकाले जङ्गमअन्तर्गत पर्दछन् । जीवनजगत्अन्तर्गतका स्थावरजङ्गम सबैलाई शब्दचित्रका माध्यमबाट चिनाउने माध्यम भनेको भाषा हो । यद्यपि भाषाबाहेकका अन्य चित्रबाट पनि जीवनजगत्का तत्त्वलाई चिनाउन सकिन्छ तर जसरी पूर्ण रूपमा भाषाले जीवनजगत्का मूर्त र अमूर्त सबै पदार्थलाई चिनाउन सक्छ त्यति अन्य चित्रहरूले सक्दैनन् । यसअर्थमा भाषालाई समग्र जीवनजगत्को सङ्केतक र जीवनजगत्लाई सङ्केतित भनिन्छ । यी दुईलाई सम्बन्धित बनाउने काम चाहिँ मनले गरेको हुन्छ । यसैले यी तीनका बिच सम्बन्ध छ भन्न सकिन्छ ।

जीवनजगत्, भाषा र मनको छुट्टाछुट्टै अध्ययन हुनुका साथै जीवनजगत् र भाषा एवम् मन र भाषाका बिचको सम्बन्धको अध्ययन पनि भएको छ तर यी तीनैका बिचको सम्बन्धको अध्ययन भने भएको छैन । जीवनजगत्का विभिन्न पक्षका बारेमा

समाजशास्त्र, मानवशास्त्र, दर्शनलगायतका विभिन्न विधाले अध्ययन गरेका छन् भने भाषाको अध्ययन भाषाविज्ञानले र मनको अध्ययन पूर्वीय वैदिक वाङ्मय र दर्शनका साथै पाश्चात्य मनोविज्ञानले गरेका छन् । यस क्रममा भाषाविज्ञानले भाषासँग मनको सम्बन्ध हुने बताएको छ भने पूर्वीय वैदिक वाङ्मय र दर्शनका साथै मनोविज्ञानले भाषा र मन सम्बिन्धत रहेको बताएका छन् । यसरी जीवनजगत् र भाषा एवम् मन र भाषाको सम्बन्धको अध्ययन भए पनि यी तीनैका बिचको सम्बन्धको अध्ययन नभएका सन्दर्भमा यी तीनका बिचको सम्बन्धको अध्ययन गर्नु वाञ्छनीय देखिन्छ । यसैले प्रस्तुत लेख जीवनजगत्, भाषा र मनका बिच केकस्तो सम्बन्ध छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

जीवनजगत्, भाषा र मनको सम्बन्धको अध्ययनमा केन्द्रित प्रस्तुत लेखमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा जीवनजगत्को व्याख्याका लागि साङ्ख्य दर्शन र न्याय दर्शन, मनको अध्ययनका लागि फ्रेन्च चिकित्सक पियर पल ब्रोका र जर्मन चिकित्सक कार्ल बर्निकका मान्यता एवम् भाषाको अध्ययनका लागि हकेटको *अ कोर्स इन माडर्न लिङ्ग्विस्टिक्स*लाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने जीवनजगत्, भाषा र मनसँग सम्बद्ध अन्य अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेख जीवनजगत्, भाषा र मनको सम्बन्धको निरूपणमा केन्द्रित भएकाले यसमा विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी सामान्यीकरण गरिएको छ ।

## जीवनजगत्

जीवनजगत् शब्द जीवन र जगत् यी दुईको समास भई बनेको शब्द हो । यी दुई शब्दमध्ये 'जीव+ल्युट्' बाट बनेको जीवन (अष्टाध्यायी, २०६०, ३।३।१५) शब्दले जीवहरूले चेतना/प्राणतत्त्व धारण गरेको अवस्थालाई बुझाएको छ भने 'गम्+क्विप्' (अष्टाध्यायी, २०६०,३।२।१३८) बाट बनेको जगत् शब्दले चाहिँ गतिशील संसार/विश्वलाई बुझाएको छ । यी सबै शब्द र तिनका अर्थको समन्वय गरेर भन्दा जीवनजगत् शब्दले गतिशील संसारमा जीवहरूको जीवन जिउने प्रक्रिया र अवस्थालाई बुझाएको छ । जीवहरूलाई चलायमान र जीवित बनाउने तत्त्व चेतना हो भने त्यसलाई आधार दिने तत्त्व चाहिँ भौतिक पदार्थ हुन् । यस अर्थमा जीवनजगत् भनेको भौतिक पदार्थ र चेतना/आत्माको समष्टि रूप हो । भौतिक पदार्थ र चेतना/आत्माको एकीकरण हुँदा जीवको सिर्जना हुन्छ । एकीकरण नहुँदा चाहिँ यिनीहरू फरक फरक तत्त्वका रूपमा रहिरहन्छन् । यस आधारमा जीवनजगत्लाई जङ्गम र स्थावरमा वर्गीकरण गरिन्छ । स्थावरको अर्थ एउटै स्वरूपमा स्थिर भइरहने भन्ने हो भने जङ्गमको अर्थ गतिशील वा विकासशील स्वभाव भएका भन्ने हो । यसैले संसारका समस्त जीव/प्राणीहरूलाई जङ्गम र निर्जीवहरूलाई स्थावर भनिन्छ । बोटबिरुवाहरू गतिशील नभए पनि विकसनशील भएकाले जङ्गमअन्तर्गत पर्दछन् । ग्रहताराहरू गतिशील भए पनि विकसनशील नभएकाले स्थावरअन्तर्गत पर्दछन् । यस ब्रह्माण्डमा अनन्त प्राणी र अनन्त पदार्थ छन् । प्राणीअन्तर्गत पृथ्वीमा रहेका मानिसको कुरा गर्दा मात्र पनि करिब आठ अरब छन् । यी सबैको लेखाजोखा गर्न सकिँदैन तर पनि प्राणी र पदार्थमा रहेका प्रमुख तत्त्वका आधारमा ब्रह्माण्डका पदार्थहरूको निरूपण गर्ने काम दर्शन र विज्ञानमा भएको पाइन्छ ।

पूर्वीय दर्शनमा जीवनजगत्का घटकहरू जीव र पदार्थमा रहेका प्रमुख तत्त्वको चिन्तन गर्ने पहिलो दर्शन साङ्ख्य दर्शन हो । साङ्ख्य दर्शनले प्रकृति, महत्तत्त्व (बुद्धि), अहङ्कार, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, मन, पाँच तन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द), पाँच महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) र पुरुष गरी २५ तत्त्व मानेको छ (*साङ्ख्यकारिका*, २०५५, श्लोक ३) । यी २५ तत्त्वहरू प्रमाणद्वारा जानिने भएकाले यिनलाई प्रमेय भनिएको हो । यी तत्त्वमध्ये सुरुका २४ तत्त्वलाई जड र पुरुषलाई चेतन मानेकाले साङ्ख्य दर्शनले भौतिक र चेतन गरी मुख्य दुई तत्त्व स्विकारेको स्पष्ट हुन्छ । योगदर्शनले यी २५ तत्त्वमा ईश्वरलाई समेत थपेर २६ तत्त्व मानेको छ । योगदर्शनले "‘‘क्लेशकर्मविपाकाशयैरपरामृष्टः

पुरुषविशेषः ईश्वरः"‘‘ (*योगसूत्र*, सन् १९९८, श्लोक २४) अर्थात् अज्ञान आदि दुख, राम्रा नराम्रा कर्म र तिनको फल तथा संस्कारद्वारा प्रभावित नहुने पुरुषविशेष नै ईश्वर हो। यसको तात्पर्य के हो भने अल्पज्ञत्वविशिष्ट (थोरै जान्ने) चेतन जीव हो भने सर्वज्ञत्वविशिष्ट (सबै जान्ने) चेतन हो। संसारका अन्य जीवभन्दा मानिसमा जान्ने क्षमता धेरै भएकाले मानिस ईश्वरको नजिक छ र आफूमा बाँकी रहेको अज्ञान नाश गरेको अवस्था ऊ पनि ईश्वर बन्दछ भन्ने मान्यता योगदर्शनको हो। मानिस र ईश्वरमा ज्ञानक्षमतागत मात्राका आधारमा मात्र भिन्नता हुन्छ। राम, कृष्ण र बुद्धलाई भगवान् भन्नुको कारण यही हो। यसर्थ ईश्वर पनि जीवनजगत्कै अभिन्न अङ्ग हुन्।

साङ्ख्य दर्शनले प्रकृति र पुरुषलाई नित्य तथा अन्य तत्त्वलाई परिणामी अर्थात् नित्य तत्त्वबाट बनेको मानेको छ। योगदर्शनले ईश्वरलाई समेत थपेर तीन तत्त्वलाई नित्य मानी अन्यलाई परिणामी मानेको छ। उत्तरवर्ती अन्य दार्शनिक सम्प्रदायले पनि यिनै तत्त्वको चर्चा गरी अन्य केही तत्त्व समावेश गरेका छन्। वैशेषिक दर्शनले उपर्युक्त तत्त्वका साथै काल, दिक्, आत्मा, गुण (रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिमाण आदि), कर्म, सामान्य (जाति), विशेष, समवायलाई समेत तत्त्वमा समावेश गरेको छ (*प्रशस्तपादभाष्य*, २०७८ , पृ.१००–५०७)। न्यायदर्शनले वैशेषिक दर्शनले मानेका सबै तत्त्वलाई स्विकार्नुका साथै प्रमाण, तर्क, संशय आदि साधन ज्ञानलाई पनि तत्त्वमै समावेश गरेको छ (*न्यायसूत्र* १।१।१) वेदान्त दर्शनले दृक् (चेतन तत्त्व) र दृश्य (भौतिक तत्त्व) गरी दुई प्रकारका तत्त्व मानेको छ र उपर्युक्त सबै तत्त्वलाई यी दुईअन्तर्गत समावेश गरेको छ।

पाश्चात्य दर्शनको परम्परामा पनि जीवनजगत्का मुख्य तत्त्वहरू के के हुन् भन्ने बारेमा मतैक्य भेटिँदैन। प्लेटोले विचारलाई सत्य (तत्त्वको यथार्थ रूप) मानेका छन् (हेल, सन् २००९, पृ.६५–७३) भने उत्तरवर्ती भौतिकवादीहरूले चाहिँ भौतिक पदार्थलाई सत्य मानेका छन् (मुनरो, सन् १९०८, पृ.७३–७४)। उत्तरवर्ती पाश्चात्य चिन्तनमा भौतिक तत्त्वलाई वस्तु (substances), गुण (properties), सम्बन्ध (relations), कार्यका अवस्था (states of affairs) र घटना (events) पाँच प्रकारमा वर्गीकरण गरिएको छ (क्याम्पबेल, सन् २००६, पृ २३–२५)। तत्त्वसम्बन्धी यो वर्गीकरण वैशेषिक दर्शनसँग मिल्दोजुल्दो देखिए पनि यसमा चेतन/आत्मालाई तत्त्व मानिएको छैन। विज्ञानले भने अक्सिजन, हाइड्रोजन, रेडियम, फोस्फोरस, क्याल्सियम, कार्बन लगायत ११८ तत्त्व स्विकारेको छ (इलेमेन्ट्स एन्ड देयर सिम्बोल्स, सन् २०२५, पृ.१)। यिनै तत्त्वबाट जीवनजगत्को सृष्टि हुने भएकाले जीवनजगत्मा यी तत्त्व र तत्सम्बद्ध विचार हुन्छन्। भौतिक पदार्थ र चेतनाको समष्टि रूप नै जीवनजगत् हो भन्न सकिन्छ। भाषाले जीवनजगत्का सम्पूर्ण व्यक्ति, वस्तु, भाव, घटना र अवस्थालाई शब्दचित्रका माध्यमबाट सङ्केत गरेको हुन्छ। यसैले भाषाको पनि संसार हुन्छ भन्ने स्पष्ट हुन्छ र यसलाई भाषिक संसारको संज्ञा दिइन्छ।

**भाषा**

जीवनजगत्अन्तर्गतका स्थावरजङ्गम सबैलाई मानसिक शब्दचित्रका माध्यमबाट चिनाउने सशक्त माध्यम भनेको भाषा हो। यसअर्थमा भाषालाई सङ्केतक र जीवनजगत्लाई सङ्केतित भनिन्छ। भाषाले मूलतः बोलीका माध्यमबाट जीवनजगत्लाई चिनाउँछ। भाषा शब्दको व्युत्पत्तिगत अर्थले दिने अभिप्राय पनि यही हो। 'स्पष्ट बोल्नु' अर्थ दिने ''भाष' धातुमा 'अ' प्रत्ययको सयोजन भएर 'भाष' (अष्टाध्यायी, २०६०, ३।३।१०३) र त्यसमा 'आ' (टाप्) प्रत्ययको संयोजन भई बनेको भाषा (*अष्टाध्यायी*, २०६० , ४।१।४) शब्दले स्पष्ट बोलीलाई बुझाएको छ। यसैले अस्पष्ट वा अर्थहीन बोली भाषा नभई ध्वनिसमूह मात्र हो। वक्ता मानिसले कुनै पनि विषयको मनन गरेर त्यसलाई अभिव्यक्त गर्दछ भने श्रोता मानिसले त्यसलाई सुनेर मनन गर्दछ। यही नै भाषाको विचार विनिमयप्रक्रिया हो। यसैले मनन/विचार र अभिव्यक्तिको समष्टि भाषा हो। विचार भाषाको आन्तरिक रूप हो भने अभिव्यक्ति भाषाको बाह्य रूप हो।

विचारकै बाह्य रूप बोली भएकाले विचारमा संसारलाई बदल्ने अद्भुत सामर्थ्य भएझैँ भाषामा पनि असीमित शक्ति हुन्छ। भाषानिष्ठ यही शक्तिकै कारण आजको जीवनजगत् एक्काइसौँ शताब्दीको विकसित सभ्यतामा आइपुग्न सफल भएको

हो । जीवनजगत्सँग सम्बद्ध विचार, ज्ञान, विज्ञान आदिका जेजति कुरा छन् ती भाषामै छन् । मानिस भाषाकै माध्यमबाट आफ्ना पुर्खाले प्रदान गरेको ज्ञान लिन्छ र आफूले आर्जन गरेको ज्ञान भावी पुस्ताका लागि भाषाकै माध्यमबाट संरक्षण गर्दछ, यसैले यो संस्कृति हो । संस्कृतिका अन्य पक्षको संरक्षण पनि यसकै माध्यमबाट हुने भएकाले भाषालाई महासंस्कृतिका रूपमा पनि लिने गरिन्छ । यति मात्र होइन, भाषाले नै मानिसलाई संसारको सर्वोत्कृष्ट प्राणीका रूपमा समेत चिनाएको छ । यसो हुनुमा भाषामा रहेको असीमित शक्ति नै हो । समग्रमा मान्छेलाई मननशील बनाएर मान्छे बनाउने र मान्छेकै माध्यमबाट जीवनजगत्लाई विकसित बनाउने तत्त्व भाषा हो ।

भाषाले मानिसलाई मानिस बनाउन गरेको योगदानको बोधका लागि भाषाका विशेषता र कार्यको जानकारी राख्नुपर्ने हुन्छ । भाषाको मुख्य उद्देश्य भनेको सन्देश सम्प्रेषण गर्नु हो । यसैले सन्देश सम्प्रेषणका धेरै साधनमध्ये भाषालाई मुख्य मानिन्छ । भाषाका माध्यमबाट मानिस आफ्ना विचार एवम् सुखदुःखका भावना एकआपसमा साटासाट गर्दछ । एकआपसमा साटासाट गर्नु भनेको आफ्ना विचार र भावना अरूलाई सम्प्रेषित गर्नु हो भने अरूका विचार र भावनालाई ग्रहण गर्नु हो । भाषा नभएको भए मानिस यति सहजै आफ्ना विचार अरूलाई दिन र अरूका विचार ग्रहण गर्न सक्दैन थियो होला । यसैले भाषाको आविष्कार भएपछि नै मानिसले एकातिर आफ्ना विचार र भावनाको अभिव्यक्ति दिँदै आएको छ भने अर्कोतिर इतिहास, संस्कृति र सभ्यताका कुराहरूलाई संरक्षण पनि गर्दै आएको छ । यद्यपि मानिस छोएर, हेरेर वा इसाराद्वारा पनि विचार वा अनुभूति साटासाट गर्न सक्छ तर विचार साटासाट गर्ने कार्यमा भाषाको जति प्रभावकारी भूमिका हुन्छ त्यति स्पर्श, अवलोकन वा अन्य इसाराको हुन सक्तैन । यस्तै मानिसबाहेकका अन्य पशुपक्षी एवम् वनस्पतिहरू पनि सन्देश सम्प्रेषण गर्दछन् तर तिनीहरूको सन्देश सम्प्रेषण एकोहोरो हुन्छ । यद्यपि मौरी जस्ता केही जीवले दोहोरो रूपमा सन्देश आदानप्रदान गर्न सक्दछन् तर तिनीहरूको सम्प्रेषणमा भाषाको जति दोहोरो रूपमा सन्देश प्रवाह हुन सक्दैन । यसर्थ सञ्चारका विभिन्न साधनमध्ये भाषा नै मुख्य साधन हो । यसैले सञ्चारलाई भाषिक सञ्चार र गैरभाषिक सञ्चार गरी दुई प्रकारमा वर्गीकृत गरिन्छ भाषिक सञ्चार र गैरभाषिक सञ्चार बिचको भिन्नतालाई हकेटले निम्नानुसार प्रस्तुत गरेका छन् :

**तालिका १  भाषिक सञ्चार र गैरभाषिक सञ्चार बिचको भिन्नता**

| | **गैरभाषिक सञ्चार** | | | | **भाषिक सञ्चार** |
|---|---|---|---|---|---|
| | मौरीको नृत्य | स्टिकल व्याकको गर्भाधान | हेरिङ्गलको शिशु हेरचाह | गिबनको बोली | भाषा |
| (क) संरचनात्मक द्वैतता | हुँदैन | हुँदैन | हुँदैन | हुँदैन | हुन्छ |
| (ख) उत्पादन शीलता | हुन्छ | हुँदैन | हुँदैन | हुँदैन | हुँदैन |
| (ग) यादृच्छिकता | केही | – | – | केही | धेरै |
| (घ) अन्तर्विनिमययोग्यता | हुन्छ | हुँदैन | हुँदैन | हुन्छ | हुन्छ |
| (ङ) विशिष्टीकरण | हुन्छ | हुँदैन | हुँदैन | (?) | हुन्छ |
| (च) विस्थापन | हुन्छ | हुँदैन | हुँदैन | (?) | हुन्छ |
| (छ) सांस्कृतिक सञ्चरण | हुन्छ | हुँदैन | हुँदैन | हुँदैन | हुन्छ |

(हकेट, सन् १९७०, पृ. ५७४)

मानिसलाई अन्य प्राणीभन्दा पृथक् बनाएर विशिष्ट पहिचान दिने उपर्युक्त आधारका वैशिष्ट्यहरू यस प्रकार छन्:

**(क) संरचनात्मक द्वैतता**

संरचनात्मक द्वैतता भन्नाले दुई किसिमको संरचकको योगबाट संरचना निष्पन्न हुनु हो । भाषा संरचना हो र यो दुई किसिमका संरचकको योगबाट बनेको हुन्छ । भाषाको संरचनामा ध्वनितत्त्व र अर्थतत्त्व दुवैले संरचकको कार्य गरेका हुन्छन् । यसैले घरेलु शब्दको संरचनामा एकातिर घ्,अ, र्, ए, ल्, उ ध्वनितत्त्वको उपस्थिति छ भने अर्कोतिर 'घर–' (आवास) र '–एलु' (को/सम्बन्धी) दुई अर्थयुक्त एकाइको उपस्थिति छ । घरेलुमा ध्वनिगत संरचना र अर्थगत संरचना दुवै रहेको छ । ' घरेलु' शब्दको ध्वनिगत र अर्थगत संरचनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) ध्वनि समूह – घ् अ र् ए ल् उ ।
(ख) सार्थक रूप समूह– घर– बस्नलाई बनाइएको आवास ।
एलु– सम्बन्धी ।
(ग) शब्द– घरेलु – घरसम्बन्धी ।

ध्वनि निरर्थक हुने भएकाले भाषा ध्वनि मात्र होइन र भाषा बोलिने भएकाले अर्थ मात्र पनि होइन । यसैले भाषा वाक् र अर्थको समष्टि हो । भाषामा वाक् र अर्थको सम्मिलन हुन्छ । अर्थको अभावमा वाक् मात्र भाषा बन्न सक्दैन र अर्थविहीन वाक् पनि भाषा हुन सक्दैन । यहाँ अर्थ र संरचनाको द्वैतत्वलाई नै संरचनात्मक द्वैतता भनिएको हो । यो केवल मानव भाषामा मात्र हुन्छ । अन्य सञ्चार प्रणालीमा सार्थक ध्वनिसमूह नभई केवल निर्धारित सङ्केत मात्र हुन्छन् । यसर्थ संरचनात्मक द्वैतता केवल मानव भाषामा पाइने विशेषता हो । यसैले भाषाले मानिसलाई अन्य प्राणीभन्दा पृथक् बनाएको छ ।

### (ख) उत्पादनशीलता

उत्पादनशीलता भन्नाले थोरै शब्द र थोरै नियमका आधारमा असीमित भाषिक सामग्री तयार गर्न सक्नु हो भन्ने बुझिन्छ । संसारका कुनै पनि भाषामा निश्चित शब्दहरू र निश्चित नियमहरू रहेका हुन्छन् । ती निश्चित शब्द र नियमको प्रयोगबाट असीमित वाक्यहरू बनाउन सकिन्छ । यिनै सीमित नियमका आधारमा मानिस कहिल्यै नसुनेका र प्रयोग नगरेका वाक्य बनाउन सक्दछ । उदाहरणका निम्ति नेपाली भाषाको काल व्यवस्था र क्रियाका रूपावलीको ज्ञान हुँदा नेपालीका अनन्त वाक्यहरू बनाउन सकिन्छ । यसर्थ उत्पादन मानव भाषिक सञ्चारको विशेषता हो । भाषिक सञ्चारमा बाहेक केही मात्रामा मौरीको सञ्चार व्यवस्थामा पनि उत्पादनशीलता पाइन्छ । मौरीले पनि जुनसुकै दिशा र दूरीको सूचना दिन सक्ने भएकाले मौरीको नृत्यमा पनि केही मात्रामा उत्पादनशीलता पाइन्छ तर् भाषामा जति उत्पादनशीलता मौरीमा पनि पाइँदैन । यसैले भाषिक उत्पादनीलताले पनि मानिसलाई अन्य प्राणीभन्दा पृथक् बनाएको छ ।

### (ग) यादृच्छिकता

यादृच्छिकता भन्नाले चयनगत स्वतन्त्रता भन्ने बुझिन्छ । भाषामा वस्तु, भाव ,घटना र भावलाई बुझाउने शब्दको चयन अनिवार्य वा तार्किक सम्बन्धका आधारमा नभई स्वतन्त्र रूपमा हुन्छ । यसैले एउटै वस्तु 'पानी' भन्ने तरल वस्तुलाई बुझाउनको लागि क्रमशः संस्कृत नेपाली र अङ्ग्रेजी भाषामा फरक फरक शब्दको चयन गरिएको छ । नेपालीमा 'पानी' संस्कृतमा 'जल' अङ्ग्रेजीमा 'वाटर' भन्नु चयनगत स्वतन्त्रता हो । भाषामा हुने शब्दको चयनगत स्वतन्त्रताका कारण नै संसारका प्रत्येक भाषा भिन्न भिन्न छन् । 'पानी' भन्ने वस्तु बुझाउनका लागि नेपालीमा 'पानी' शब्दको नै चयन किन गरियो भन्ने बारेमा कुनै तार्किक आधार छैन । यसर्थ शब्द र तिनका अर्थको सम्बन्ध अनिवार्य र तार्किक नभएर स्वैच्छिक हुन्छ । पुर्खाले जुन वस्तुलाई बुझाउन जुन शब्दको चयन गरे त्यसलाई रूढ रूपमा ग्रहण गरी प्रयोग गरिएको हुन्छ । यसैले भाषामा शब्द चयनलाई सामाजिक सम्झौताका रूपमा लिन सकिन्छ । समाजले जुन वस्तु, क्रिया वा भावलाई बुझाउन जुन शब्द उपयुक्त ठान्दछ त्यही शब्द प्रयोग गर्दछ । सामाजिक सम्झौताकै कारण समय क्रममा शब्दको अर्थमा पनि भिन्नता आउन सक्छ । यसर्थ शब्दको चयनमा स्वतन्त्रता हुने भएकाले भाषा यादृच्छिक हुन्छ भन्ने स्पष्ट हुन्छ । यो भाषिक सञ्चारको अर्को विशेषता हो ।

भाषिक सञ्चारबाहेक मौरीको नृत्य र गिबनको बोलीमा पनि केही मात्रामा यादृच्छिकता पाइन्छ । अन्य सञ्चार व्यवस्थामा भने यादृच्छिकता भेटिँदैन ।

**(घ) अन्तर्विनिमययोग्यता**

अन्तर्विनिमययोग्यता भन्नाले एकअर्कामा विचारको आदानप्रदान गर्न सक्ने योग्यता भन्ने बुझिन्छ । भाषामा प्रेषकले भनेको कुरा प्रापकले ग्रहण गर्न सक्ने र प्रापकले सोधेको जबाफ पुनः प्रेषकले दिन सक्ने भएकाले यसमा अन्तर्विनिमययोग्यता रहेको छ । यस्तै मौरी र गिबनको सञ्चार व्यवस्थामा पनि केही मात्रामा अन्तर्विनिमययोग्यता रहेको पाइन्छ । एउटा मौरीको नृत्यबाट केही कुरा बुझी सोहीअनुरूप अर्को मौरीले पनि नृत्य गर्ने भएकाले र एउटा गिबनको बोलीलाई बुझेर सोहीअनुरूप अर्को गिबनले पनि सङ्केत गर्न सक्ने भएकाले मौरीको नृत्य र गिबनको बोलीमा पनि अन्तर्विनिमययोग्यता भेटिन्छ । स्टिकल ब्याक र अन्य चराहरूको सञ्चार व्यवस्थामा भने यो विशेषता भेटिँदैन ।

**(ङ) विशिष्टीकरण**

विशिष्टीकरण भनेको विशेष गुणले युक्त हुनु हो । भाषिक सञ्चारमा अन्य सञ्चारको अपेक्षा विशेष गुणको उपस्थिति रहन्छ । अन्य सञ्चारमा शारीरिक सक्रियताको आवश्यकता पर्दछ तर भाषामा बोलीले मात्र पुग्दछ । बल खेल्न जाँदा 'बल खेल्न जाऔँ भने मात्र पुग्छ तर अन्य सङ्केतबाट बुझ्दा जुत्ता लगाएर बल लिएर आई हातले इसारा गर्दा मात्र 'बल खेल्न जाऔँ भन्ने बुझिन्छ । भाषिक सञ्चारमा बाहेक केही मात्रामा मौरीको नृत्य र गिबनको बोलीमा विशिष्टीकरण रहेको पाइन्छ । मौरीले महको सूचना गर्दा र गिबनले आफ्ना बच्चालाई चारो ल्याएको एवम् शत्रु आएको सूचना दिन विशिष्ट सङ्केतको प्रयोग गर्दछन् । यसर्थ भाषिक सञ्चारमा बाहेक मौरी र गिबनको सञ्चार व्यवस्थामा पनि केही मात्रामा विशिष्टीकरण भेटिन्छ ।

**(च) विस्थापन**

भाषाको प्रयोगबाट स्थान र समयलाई विस्थापन गर्न सकिन्छ । काठमाडौँमा बसेको मान्छेले प्रयोग गरेको निम्नलिखित वाक्यबाट स्पष्ट पार्न सकिन्छः

(क) वक्ता – म अर्को महिना जापान जान्छु ।
(ख) श्रोता– म त पोहोर नै जापान गइसकेको छु ।

यहाँ वक्ता र श्रोता दुवैको वाक्यमा स्थान र समयको विस्थापन भएको छ । वर्तमानमा काठमाडौँमा रहेको मान्छेले पनि जापानमा हुने श्रोतालाई जापान गइसकेको भन्नुले यसको पुष्टि हुन्छ । विस्थापन मानव भाषामा मात्र पाइन्छ । मौरीको सञ्चारमा भने स्थानको विस्थापन हुन सक्छ तर समयको चाहिँ हुन सक्दैन ।

**(छ) सांस्कृतिक सञ्चरण**

सांस्कृतिक सञ्चरण भन्नाले संस्कृतिसित सम्बन्धित विभिन्न पक्ष, विशेष गरेर संज्ञानात्मक पक्षको हस्तान्तरण हो । भाषाका माध्यमबाट नै मानिसले विगतका पुर्खाका संस्कृति र सभ्यतासित सम्बन्धित अथाह ज्ञानराशि प्राप्त गर्न सक्दछ । भाषा नहुँदो हो त मानिसलाई न त विगतका कुरा नै थाहा हुने थियो न त संस्कृति संरक्षणका कुरा नै गर्न सक्ने थियो । यसर्थ भाषा संस्कृतिको संवाहक र संरक्षक दुवै हो । भाषाबाटै एकातिर प्राचीन संस्कृति र सभ्यताको कुरा जान्न सकिन्छ भने अर्कोतिर वर्तमान संस्कृतिलाई भावी पुस्ताका लागि संरक्षित र हस्तान्तरण गर्न सकिन्छ । अन्य सञ्चारबाट यो सम्भव छैन । भाषाका उपर्युक्त विशेषताका आधारमा मानिसलाई संसारका अन्य प्राणीभन्दा विशिष्ट बनाउने तत्त्व भाषा हो । यो ध्वनि, वर्ण, रूप, शब्द, पद, पदावली, र वाक्यको समष्टिबाट भाषाको संरचना तयार भएको हुन्छ । यी एकाइमध्ये ध्वनि र वर्ण चाहिँ संरचक

मात्र हुन् भने रूपदेखि वाक्यसम्मका एकाइहरू चाहिँ संरचना पनि हुन् र संरचक दुबै हुन् । वर्णका सन्दर्भमा भन्दा रूप संरचना हो किनभने वर्णको संयोजनबाट रूपको संरचना बन्दछ भने शब्दको सन्दर्भमा भन्दा रूप संरचक हो किनभने रूप रूपको संयोजन भएपछि शब्द बन्दछ । कतिपय स्थितिमा एउटै रूपले पनि शब्दको काम गरेको हुन्छ । यसैले भाषा संरचना हो भने ध्वनि, रूप आदि अन्य एकाइ यसका संरचक हुन् । लघुतम अर्थयुक्त एकाइ रूप भएकाले र रूपबाट नै अर्थयुक्त भाषिक संरचनाको स्वरूप प्राप्त हुने भएकाले यहाँ भाषिक संरचना र तिनले वहन गर्ने अर्थको अध्ययनका लागि रूपदेखि वाक्यसम्मका एकाइलाई आधार बनाइएको छ । जीवनजगत्का प्रत्येक एकाइलाई सङ्केत गर्ने भाषिक एकाइ चाहिँ शब्द हुन् । भाषासँग सम्बन्धित गराएर जीवनजगत्को अध्ययन गर्दा भने यसलाई मूर्त र अमूर्तमा वर्गीकरण गर्नुपर्ने हुन्छ । मूर्त भनेका व्यक्ति, स्थान, जाति हुन् भने भने अमूर्त आत्मा/चेतना, सुखदुख आदि भाव हुन् ।

**मन**

मन मानिसको विचार, इच्छा, सङ्कल्प, विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने आन्तरिक इन्द्रिय हो । विचार आदिलाई नियन्त्रित र परिचालित गर्ने भएकाले मन प्रकार्यात्मक अङ्ग (software) हो । यसको भौतिक संरचना (hardware) चाहिँ मस्तिष्क हो । यसैले विचार, इच्छा आदिको स्रोतका रूपमा रहेको ज्ञान मस्तिष्कमा हुन्छ । यस्तै समयक्रममा विभिन्न माध्यमबाट आर्जन गरेको भाषिक ज्ञान पनि मस्तिष्कमै हुन्छ । मस्तिष्कमा रहेको भाषिक ज्ञानकै आधारमा हामी सोच्ने, विचार गर्ने, सङ्कल्प र विकल्प गर्ने काम गर्दछौँ । भाषाको यही ज्ञान नै भाषिक उत्पादन (बोल्ने र लेख्ने काम) तथा बोध (सुन्ने र पढ्ने काम) मा प्रयोग हुन्छ । यसैले उपर्युक्त सम्पूर्ण काम गर्दा मन सक्रिय रहेको हुन्छ । मनको सक्रियताविना भाषा सिकाइ,  भाषाप्रयोग र बोधलगायतका कुनै पनि कार्य गर्न हामी सक्दैनौँ । यसैले मनले मानिसलाई र भाषालाई जोड्ने काम गरेको हुन्छ ।

मन आन्तरिक इन्द्रिय हो । यसले सम्पूर्ण ज्ञानेन्द्रियको कार्यलाई सञ्चालन र नियन्त्रण गरेको हुन्छ । मनले ज्ञानेन्द्रियलाई सञ्चालन र नियन्त्रण गर्ने प्रक्रिया यसअनुसार रहेको छ : ज्ञानेन्द्रिय (आँखा, नाक, कान, जिब्रो, छाला) र पदार्थ (वातावरण) को सन्निकर्षबाट मानिसको शरीरमा विद्यमान स्नायु प्रवाहमा एक किसिमको प्रतिक्रिया हुन्छ किनभने मानिसको शरीर अनेक जीवित कोश (Living cells) को सङ्ग्रह हो । यो स्नायु प्रवाहमा भएको प्रतिक्रिया नै नशाविशेषको माध्यमबाट मस्तिष्कको विशेष भागमा पुग्दछ । जुन मस्तिष्क (Brain) को विशेष भागलाई ज्ञानवाही स्नायुकोश (Sensory neuron) पनि भनिन्छ । भाषाको ज्ञान मस्तिष्कमा रहने र यही ज्ञानका आधारमा मानिस भाषाको आर्जन, प्रयोग र बोध गर्न समर्थ हुने भएकाले मन प्रकार्यपरक अङ्ग हो भने मस्तिष्क आश्रयक अङ्ग हो ।। मस्तिष्कको कुन क्षेत्रले भाषिक प्रतिनिधित्व गरेको हुन्छ भन्ने बारेमा चाहिँ विभिन्न परीक्षण हुँदा यसको देब्रे पट्टिको भाग भाषिक उत्पादनको क्षेत्र भएको पुष्टि भइसकेको छ । मस्तिष्कमा रहेको भाषिक उत्पादनको क्षेत्रलाई फ्रेन्च चिकित्सक पियर पल ब्रोकाले पत्ता लगाएकाले उनकै नामबाट यस क्षेत्रलाई ब्रोका क्षेत्र (Broca's area) भनिएको हो । ब्रोकाका अनुसार मानवमस्तिष्कको देब्रे कानमाथिको भाग भाषिक क्षेत्र हो (बोगन, सन् १९७६, पृ. ८३५) । ब्रोकाले यस क्षेत्रको पहिचान सन् १८६१ मा मस्तिष्काघात भएका रोगीको उपचारका क्रममा गरेका हुन् । उनले आफूकहाँ परीक्षण गराउन आएका एक जना रोगीको मस्तिष्कको बायाँ भागमा क्षति हुँदा बोली बन्द भएको पत्ता लगाएपछि सन् १८७५ मा जर्मन चिकित्सक कार्ल बर्निकले पनि मस्तिष्कको बायाँ गोलार्धमा क्षति हुँदा मानिस भाषा बुझ्न असमर्थ भएकाले मस्तिष्कको बायाँ भाग भाषिक क्षेत्र भएको पुष्टि गरे । उनले पहिचान गरेको क्षेत्रलाई बर्निक क्षेत्र (Wercnicke's area) भनियो । यो क्षेत्र भाषिक बोधको सामथ्र्य भएको क्षेत्र हो (बोगन, सन् १९७६, पृ. ८३५) ।  यही क्षेत्रमा रहेको स्नायुप्रणालीबाट नै मानिस भाषा जान्ने, सम्झने, बुझ्ने, विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने र सृजना गर्ने कार्य गर्दछ  ।

भाषाको ग्रहण र उत्पादनमा मस्तिष्कमा रहेका स्नायुप्रणालीको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषाको ग्रहण र उत्पादन मानसिक प्रक्रिया हो । यस प्रक्रियाभित्र मानसिक गतिविधिहरूको सक्रिय संलग्नताको आवश्यकता रहन्छ (बोगन, सन् १९७६,

पृ. ८३६) । भाषाको ग्रहण र उत्पादनका लागि केवल सबलीकरण र आदतनिर्माण मात्र होइन, यसभित्र चिन्तन, स्मृति, ग्रहण, सामान्यीकरण, पहिचान, विभेदीकरण आदि क्षमता आवश्यक हुन्छन् । यस्ता क्षमता प्राप्तिका लागि मस्तिष्कको भूमिका विशेष उल्लेख्य हुन्छ । अझ व्याकरणका नियम ग्रहण गर्ने साहित्यिक भाषा प्रयोग गर्ने कार्यमा मानसिक विकासको अहम् भूमिका रहन्छ । यसर्थ जीवनजगत् र भाषालाई जोड्ने मुख्य सम्बन्धसेतु मन हो भन्ने स्पष्ट हुन्छ ।

**जीवनजगत्, भाषा र मनको सम्बन्ध**

जीवनजगत्, भाषा र मन शीर्षकमा गरिएको उपर्युक्त व्याख्याबाट यी तीनै विषयका बारेमा छुट्टाछुट्टै अध्ययन भएको छ । यसक्रममा भाषाको अध्ययन गर्दा यसको मनसँगको सम्बन्धको अध्ययन भएको छ । यस्तै मनको अध्ययनका क्रममा भाषाका केही पक्षको पनि अध्ययन भएको छ तर यी तीनैका बिचको सम्बन्धको अध्ययन भने भएको छैन । भाषा र जीवनजगत् एवम् मन र भाषाका बिचको सम्बन्धका बारेमा भएका अध्ययनको कालक्रमिक समीक्षण गरी यहाँ जीवनजगत्, भाषा र मनको सम्बन्धको निर्क्योल गरिन्छ :

भाषा र मनको सम्बन्धको अध्ययन गर्ने पूर्वीय वाङ्मयको पहिलो ग्रन्थ *ऋग्वेद*मा ''सं वो मनांसि जानताम्" *ऋग्वेद* (सन्.१९४६, १।१६४।४५) अर्थात् 'तिमीहरू एकअर्काका मनलाई राम्ररी जान ।' भन्दै मनलाई जान्ने/बुझ्ने माध्यमका रूपमा भाषालाई लिइएको छ । *ऋग्वेद*मा मानसिक र भौतिक गरी दुई तहबाट भाषालाई परिभाषित गरिएको छ । ऋग्वेदमा उल्लेख भएका भाषाका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी चार रूपमध्ये परा, पश्यन्ती र मध्यमाले भाषाको मानसिक/आन्तरिक पक्षको प्रतिनिधित्व गरेका छन् भने बैखरीले बाह्य/भौतिक पक्षको प्रतिनिधित्व गरेको छ ।

उत्तरवर्ती ब्राह्मण ग्रन्थ र उपनिषद्मा भाषालाई मनसँग सम्बद्ध तत्त्वका रूपमा लिइएको छ । शतपथ ब्राह्मण, सन् २०१४, मन्त्र १। ३६) मा ''वाग्वै मनसो ह्सीयसी, अपरिमिततरमिव मनः । परिमिततरेव वाक्" अर्थात् मन/विचारको अभिव्यक्तिका रूपमा वाक्/भाषालाई लिइएको छ । यसमा मानसिक विचार र वाक्को तुलना गरी विचार व्यापक र वाक् सीमित भएको उल्लेख गरिएको छ । *ऐतरेयोपनिषद्*, सन् १९६१, मन्त्र १) मा ''वाङ् मे मनसि प्रतिष्ठिता मनो मे वाचि प्रतिष्ठितम्" 'बोली मेरो मनमा रहेको छ र मन मेरो बोलीमा रहेको छ ।' कथनका माध्यमबाट वाक् र मनको अन्योन्याश्रित सम्बन्ध रहेको तथ्य प्रस्तुत गरिएको छ । यिनै वैदिक ग्रन्थबाट प्रेरित भएर उत्तरवर्ती दर्शन र व्याकरणका ग्रन्थमा मन र भाषाको सम्बन्धबारे प्रकाश पारिएको छ ।

वैयाकरण पाणिनिले मन र भाषाको सम्बन्धका बारेमा उल्लेख गरेको प्रसङ्ग यसप्रकार छ : आत्माले बुद्धिका साथ लागेर केही भन्ने इच्छाले मनलाई प्रेरित गर्दछ अनि मनले शरीरमा रहेको कायाग्नि तेज (ऊर्जा) लाई जगाइदिन्छ । जागृत त्यस तेजले श्वासलाई प्रेरित गर्दछ । त्यो श्वास छाती (श्वासनली) बाट माथि उठ्छ र स्वरयन्त्रबाट छिरेर मुखविवर र नासाविवरको संयोग स्थानमा ठोक्किई मुखबाट निस्कँदा त्यसले अनेक प्रकारका वर्णको उच्चारण गर्छ । तिनलाई पाँच किसिम (स्थान, करण, प्रयत्न दीर्घता, तारता) का आधारमा वर्गीकरण गरिन्छ (*पाणिनीयशिक्षा*, सन्.१९९८, ६–९) । पाणिनिको यस भनाइबाट पनि भाषिक उच्चारणमा मनको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ ।

यस्तै पाश्चात्य भाषिक चिन्तनको परम्परामा पनि मन र भाषाको सम्बन्धबारे प्राचीन कालदेखि नै चर्चा भएको छ । पाश्चात्य भाषिक चिन्तनको परम्परामा मन र भाषाको सम्बन्धको चर्चा गर्ने पहिलो व्यक्ति ग्रिक दार्शनिक प्लेटो हुन् । उनले आफ्नो संवाद ग्रन्थका रूपमा रहेको क्रेटिलस (*Cratylus*) मा भाषा र मनको सम्बन्धका बारेमा चर्चा गरेका छन् । उनले भाषालाई बोलीका रूपमा लिँदै बोल्नुको अर्थलाई विचार व्यक्त गर्नुका रूपमा लिएका छन् । उनका अनुसार केवल विचार नै सत्य हुन् (Only ideas are real) र भाषा सत्यको अभिव्यक्तिको माध्यम हो (Language as a route of reality) । यसैले

सत्य/विचारको ज्ञान भाषाका माध्यमबाट हुन्छ (ल्याव, सन् २००३, पृ.१७)। एरिस्टोटलले पनि प्लेटोले झैँ भाषामा शब्द र अर्थ/विचारका बिच प्राकृतिक वा सादृश्य सम्बन्ध रहेको उल्लेख गरेका छन् (ल्याव, सन् २००३, पृ.१७०) । यसर्थ भाषा सादृश्य वा अन्तर्नियमद्वारा सञ्चालित हुने संरचना हो भन्ने एरिस्टोटलको विचार हो।

उन्नाइसौँ शताब्दीमा फ्रायडको आगमनपछि मात्र मनको अध्ययन व्यापक रूपमा भयो। फ्रायडले मनलाई चेतन, अर्धचेतन र अचेतन गरी तीन प्रकारमा वर्गीकरण गरेका छन्। फ्रायडका अनुसार चेतन मन भनेको मानिसका संवेदना र अनुभूतिलाई समाजमा व्यक्त गर्ने मन हो, यो सामाजिक मर्यादामा आधारित हुन्छ, यसैले मानिस चेतन मनको अवस्थामा सामाजिक मर्यादाका विपरीत अभिव्यक्ति दिन सक्दैन। यस्तै अर्धचेतन मन चाहिँ चेतन र अचेतनको मध्यवर्ती तह हो। यो विगतका अनुभूति र संवेदनाको सङ्ग्रह हो। यस्तै अचेतन मन चाहिँ सबैभन्दा शक्तिशाली मन हो। यसमा मान्छेका दमित इच्छा र आकाङ्क्षा रहेका हुन्छन्। यी दमित इच्छालाई व्यक्त गर्दा मान्छे स्वस्थ हुन्छ भने व्यक्त नगरी दमित गर्दा चाहिँ मनोरोगी हुन्छ। जब मानिस नकारात्मक कुरा सोच्दछ तब ती कुरालाई चेतन मनका माध्यमबाट व्यक्त गर्न सक्दैन र अचेतनमा दमित गराएर राख्छ (त्रिपाठी, २०६५, पृ. १७६)। यसैले फ्रायडले नकारात्मक कुरा सोचेर तिनलाई अचेतन मनमा दमित गराएर आफूलाई मनोरोगी नबनाई मनले जहिले पनि सकारात्मक सोच राख्नुपर्दछ र मानसिक रूपले स्वस्थ बन्नुपर्दछ भन्ने मान्यता राखेका छन्।


यस्तै जीवनजगत् र भाषाको सम्बन्धको अध्ययन पनि प्राचीन कालेदेखि नै भएको पाइन्छ। यस क्रममा जीवनजगत्लाई अर्थ र भाषालाई शब्दको संज्ञा दिइएको छ। ऋग्वेदमा अर्थविनाको बोलाइलाई फलफूलविनाको रोपाइको रूपमा प्रस्तुत गरिएको छ। यस्तै यास्कले निरुक्तमा विना आगो जसरी शुष्क इन्धन बल्न सक्दैन त्यस्तै अर्थ नजानीकन बोलिने शब्दले भाव व्यक्त गर्न सक्दैन भनी शब्द र अर्थको सहसम्बन्धको चर्चा गरेका छन्। महाभाष्यकार पतञ्जलिले पनि शब्द र अर्थको सहसम्बन्ध रहेको स्विकारेका छन्। संस्कृत साहित्यका महाकवि कालिदासले रघुवंश महाकाव्यको मङ्गलाचरण श्लोकमा शब्द र अर्थझैँ परस्परमा एकाकार भएर रहेका अर्धनारीश्वररूप उमामहेश्वरको वन्दना गर्दछु भन्दै शब्द र अर्थको अन्योन्याश्रित सम्बन्ध रहेको बताएका छन्।

पश्चिमी व्याकरण परम्परामा पनि अर्थ र भाषिक रूपलाई अन्योन्याश्रित रूपमा सम्बन्धित रहेको बताइएको छ। प्लेटोले शब्द भनेर नामलाई र अर्थ भनेर वस्तुलाई लिनुपर्ने उल्लेख गरेका छन्। उनले शब्द र अर्थको सत्ता स्वतन्त्र भए पनि तिनीहरू अन्योन्याश्रित भएर रहेका हुन्छन् भन्ने मान्यता राखेका छन्। आधुनिक भाषाविज्ञानका प्रवर्तक ससुरले रूपलाई सङ्केतक (signifier) भनेका छन् भने अर्थलाई सङ्केतित (signified) का रूपमा लिएका छन्। संरचनावादअन्तर्गतकै प्रतीकवादीहरूले पनि ससुरकै मान्यताको अनुसरण गरी भाषिक रूपलाई प्रतीक वा सूचक र अर्थलाई सूच्यका रूपमा लिएका छन्। भाषाविद् पाइकले रूप र अर्थको अन्योन्याश्रित सम्बन्ध देखाएका छन्। उनले उक्त सम्बन्ध देखाउन रूपार्थिम (tagmeme) शब्दको प्रयोग गरेका छन्। उनले रूप र अर्थको सहसम्बन्धलाई नै रूपार्थिमको संज्ञा दिएका छन् (पाइक, सन् १९६७, पृ. ४४०)। यसर्थ शब्द (रूप) र अर्थ परस्परमा अन्योन्याश्रित रूपमा सम्बन्धित छन् र एकअर्काको अभावमा दुवैको औचित्य र अस्तित्व सिद्ध हुन सक्दैन।

सङ्केतक र सङ्केतितका बिच सोझो सम्बन्ध नभई विचारमार्फत् सम्बन्ध हुन्छ भन्ने अवधारणा राख्ने भाषाविद् चाहिँ रिचर्डस र अग्डेन हुन्। यिनीहरूले सङ्केतक र सङ्केतितबिच सोझो सम्बन्ध नभई वक्ताको विचारमार्फत् हुने बताएका छन् (रिचर्डस र अग्डेन, सन् १९२३, पृ.११। विचार भाषाको आन्तरिक रूप हो, यो मनमा हुन्छ। यसरी अग्डेन र रिचर्डसले भाषा र जीवनजगत्सित मनको पनि सम्बन्ध रहेको सङ्केत गरेका छन्। यसरी भाषा र जीवनजगत् एवम् भाषा र मन/विचारको

सम्बन्धका बारेमा प्रस्तुत गरिएका उपर्युक्त सबै तथ्यका आधारमा जीवनजगत्, मन र भाषाको सम्बन्धलाई निम्नलिखित आरेखबाट स्पष्ट पार्न सकिन्छ :

**आरेख १ जीवनजगत्, भाषा र मनको सम्बन्ध**




यस आरेखअनुसार जीवनजगत् र भाषाको सोझो सम्बन्ध हुँदैन । जीवनजगत् र भाषाको सोझो सम्बन्ध नभई मनमा रहेका शब्दचित्रका माध्यमबाट हुन्छ । यसैले मनले जीवनजगत् र भाषाको सम्बन्धसेतुको काम गरेको हुन्छ । जीवनजगत् र भाषाबिच सोझो सम्बन्ध हुँदैन भन्ने कुरा त्रिकोणमा रहेका थोप्लाले स्पष्ट पारेका छन् ।

यस आरेखअनुसार प्रथमतः वक्ताका मनमा विचार उत्पन्न हुन्छ त्यसपछि ऊ त्यसलाई मानसिक शब्दचित्रमा परिणत गर्छ र उक्त चित्रलाई ध्वनिसमूह (भाषा) का माध्यमबाट अभिव्यक्त गर्छ । श्रोता जब सुन्दछ तब उसमा पनि मानसिक शब्दचित्रका माध्यमबाट विचार जागृत हुन्छ र त्यसबाट जीवनजगत् निर्दिष्ट हुन्छ । आरेखअनुसार जीवनजगत्, मन र भाषाका बिच दोहोरो सम्बन्ध रहेको छ । यीमध्ये भाषा, मन र जीवनजगत्को एउटा क्रम रहेको छ भने जीवनजगत्, मन र भाषाको अर्को क्रम रहेको छ । वक्ताले भाषिक प्रतीकको चयन गरी मानसिक विचारका माध्यमबाट जीवनजगत्का वस्तु, भाव, घटना र अवस्थाको सङ्केत गर्दछ भने श्रोताले जीवनजगत्का वस्तु, भाव, घटना र अवस्थालाई मानसिक विचारसँग जोडी भाषिक प्रतीकको ग्रहण गर्दछ । दुवै सम्बन्धलाई जोड्ने कार्य मानसिक विचारले गर्दछ । जीवनजगत्, मन र भाषाका बिच दोहोरो सम्बन्ध रहेको कुरा $\longrightarrow$ चिह्नले बुझाएका छन् ।

यसरी जीवनजगत्, मन र भाषामध्ये मन र भाषा जीवनजगत्कै अङ्ग भएकाले जीवनजगत्सित मन र भाषाको अङ्गाङ्गीभाव सम्बन्ध छ भने मानसिक शब्दचित्र हुँदै अभिव्यक्त भएको भाषाका माध्यमबाट जीवनजगत् चिनिने भएकाले र भाषाको रिक्ततालाई जीवनजगत्ले सम्पूरण गर्ने भएकाले जीवनजगत्, भाषा र मनको अन्योन्याश्रित त्रिकोणात्मक सम्बन्ध पनि छ भन्ने स्पष्ट हुन्छ ।

**निष्कर्ष**

जीवनजगत् भनेको गतिशील संसारमा जीवहरूको जीवन जिउने प्रक्रिया र अवस्था हो । जीवहरूलाई चलायमान र जीवित बनाउने तत्त्व चेतना हो भने त्यसलाई आधार दिने तत्त्व चाहिँ भौतिक पदार्थ हुन् । यस अर्थमा जीवजगत् भनेको भौतिक पदार्थ र चेतना/आत्माको समष्टि रूप हो । भौतिक पदार्थ र चेतना/आत्माको एकीकरण हुँदा जीवको सिर्जना हुन्छ । एकीकरण नहुँदा चाहिँ यिनीहरू फरक फरक तत्त्वका रूपमा रहिरहन्छन् । यस आधारमा जीवनजगत्लाई जङ्गम र स्थावरमा वर्गीकरण गरिन्छ । स्थावरको अर्थ एउटै स्वरूपमा स्थिर भइरहने भन्ने अर्थ हो भने जङ्गमको अर्थ गतिशील वा विकसनशील स्वभाव भएका भन्ने हो । यसैले संसारका समस्त जीव/प्राणीहरूलाई जङ्गम र निर्जीवहरूलाई स्थावर भनिन्छ । बोटबिरुवाहरू गतिशील नभए पनि विकसनशील भएकाले जङ्गमअन्तर्गत पर्दछन् । जीवनजगत्अन्तर्गतका स्थावरजङ्गम सबैलाई शब्दचित्रका माध्यमबाट चिनाउने माध्यम भनेको भाषा हो । यद्यपि भाषाबाहेकका अन्य चित्रबाट पनि जीवनजगत्का तत्त्वलाई

चिनाउन सकिन्छ तर जसरी पूर्ण रूपमा भाषाले जीवनजगत्का मूर्त र अमूर्त सबै पदार्थलाई चिनाउन सक्छ त्यति अन्य चित्रहरूले सक्दैनन् । यसअर्थमा भाषालाई समग्र जीवनजगत्को सङ्केतक र जीवनजगत्लाई सङ्केतित भनिन्छ । यी दुईलाई सम्बन्धित बनाउने काम चाहिँ मनले गरेको हुन्छ । यस्तै मानिसलाई मननशील बनाएर उसको 'मानिस' यो नामलाई सार्थक बनाउने र जीवनजगत्लाई विकसित र सभ्य बनाउन सहयोग गर्ने प्रमुख माध्यम नै भाषा हो । मानिसले मनन प्रक्रियाबाट जीवनजगत् सम्बन्धी ज्ञान प्राप्त गर्दछ र त्यसलाई व्यक्त गर्न पनि मननको नै साथ लिन्छ । मनन भाषाको आन्तरिक रूप हो भने उक्त कार्य सम्पन्न गर्ने साधन चाहिँ मन हो । यसैले मानिसलाई संसारका अन्य प्राणीभन्दा पृथक् बनाउने काम मन र भाषाले गरेका छन् । मानिसलाई अन्य प्राणीभन्दा पृथक् बनाउने भाषिक आधारमा संरचनात्मक द्वैतता, उत्पादनशीलता, यादृच्छिकता, अन्तर्विनिमययोग्यता, विशिष्टीकरण, विस्थापन, सांस्कृतिक सञ्चरण हुन् । यसैले मानिस, मन र भाषाका बिच अत्यन्त नजिकको सम्बन्ध रहेको स्पष्ट हुन्छ । यसरी यी तीनको सम्बन्धलाई केलाउँदा प्राप्त भएको निष्कर्ष के हो भने जीवनजगत् भनेको वस्तु, भाव, घटना र अवस्थाको समष्टि हो, भाषा चाहिँ जीवनजगत्का वस्तु, भाव, घटना र अवस्थाको सङ्केतक हो । शब्दचित्रका माध्यमबाट भाषाको उत्पादन, भण्डारण र सम्प्रेषण गर्ने मन चाहिँ भाषा र जीवनजगत्को सम्बन्धसेतु हो । यसरी मानसिक शब्दचित्र हुँदै अभिव्यक्त भएको भाषाका माध्यमबाट जीवनजगत् चिनिने भएकाले र भाषाको रिक्ततालाई जीवनजगत्ले सम्पूरण गर्ने भएकाले जीवनजगत्, भाषा र मनका बिच अङ्गाङ्गीभाव सम्बन्धका साथै अन्योन्याश्रित त्रिकोणात्मक सम्बन्ध छ ।

## सन्दर्भ सामग्रीसूची


*अष्टाध्यायी सूत्रपाठ* (२०६०), व्याख्या. ईश्वरचन्द्र, चौखम्बा संस्कृत प्रतिष्ठान ।

*ऋग्वेदसंहिता भाग १—४* (सन्.१९४६), सम्पा. नारायण सोनटक्के, वैदिक संशोधन मण्डल ।

*ऐतरेयोपनिषद्* (सन् १९६१), सम्पा. वासुदेव शर्मा, चौखम्बा विद्याभवन ।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाईं (२०८०), *ऐतिहासिक तथा सामाजिक भाषाविज्ञान*, पाठ्य सामग्री पसल ।

चौलागाईं, प्रेमप्रसाद (२०८१), 'साहित्यविश्लेषणको मनोभाषावैज्ञानिक पद्धति', *वाङ्मय*, २०. पृ.४५–५४ ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (छैटौँ सं.), साझा प्रकाशन ।

*न्यायसूत्र* (सन् १९२१), अनुवादक.राजाराम प्रोफेसर, डी.ए.बी कलेज ।

*पाणिनीय शिक्षा* (सन्.१९९८). सम्पा. प्रमोदवर्धन कौण्डिन्यायन, चौखम्बा विद्याभवन ।

*प्रशस्तपादभाष्य* (२०७८), व्याख्या. केशवशरण अर्याल, नेपाल प्रज्ञाप्रतिष्ठान ।

*योगसूत्र* (सन् १९९८), व्याख्या. वाचस्पति मिश्र, मुन्सीलाल मनोहर पब्लिसर्स प्रा.लि ।

*शतपथ ब्राह्मण* (सन् २०१४), सम्पा. सत्यप्रकाश सरस्वती, विजयकुमार गोविन्दराम हासानन्द ।

*साङ्ख्यकारिका* (२०५५), व्याख्या. श्रीराम शर्मा आचार्य, वेदमाता गायत्री ट्रस्ट ।

Bogen JE., Bogen GM. (1976). 'Wernicke's region—Where is it?'. *Annals of the New York Academy of Sciences.* 280 (1):834–43.

Campbell, K. (2006). 'Ontology', In Borchert, Donald M. (ed.), *Encyclopedia of Philosophy* : Oakeshott – Presupposition (2 ed.), Thomson Gale, Macmillan Reference.

*elements-and-their-symbols* (2025).https://www.jagranjosh.com/articles/118-elements-and-their-symbols-and-atomic-numbers-1719905789-1

Hale, B**.** (2009). "Realism and antirealism about abstract entities". pp. 65–73 in Jaegwon Kim. Ernest Sosa, and Gary S. Rosenkrantz. *A Companion to Metaphysics*. 2nd ed., Wiley–Blackwell.

Hocket, CF. (1970). *A Course in modern Linguistics*, (indian ed.) Oxford & IBH publishing Co PVT. LTD.

Law, V. (2003). *The History of Linguistics in Europe From Plato to 1600.* Cambridge University Press.

Munro, HAJ . (1908). *Lucreties on the nature of things.* George and sons .

Pike, KL. (1967). *Language in relation to a unified theory to the structure of human behavior.* (2nd Ed.). Mouton.

Richards, IA. and Ogden CK. (1923). *The Meaning of Meaning*. Harvest/HBJ .

Saussure, FD. (1959). *Course in General Linguistics.* Trans.Wade Baskin. The Philosophical Society.